कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

प.सं.:
च.नं.:

मितिः २०७१।०८।२६

# सूचना !

शैक्षिक सत्र २०७१/०७२ का लागि यस विश्वविद्यालय अन्तर्गत कृषि स्नातक **(B.Sc.Ag.)** तहको शैक्षिक कार्यक्रममा कृषि संकाय, रामपुर, चितवनमा विभिन्न कोटामा (महिला कोटा वाहेक) पढ्न चाहने विद्यार्थीहरुले विभिन्न कोटा सम्वन्धि आवेदन फारम भरि २०७१ मंसिर २६ गते बाट पुष ४ गते कार्यालय समय भित्र यस संकायको शैक्षिक प्रशासन शाखामा लिन र बुझाउनु हुन सूचित गरिन्छ । साथै उक्त आवेदन फारम बुझाउदा तपशिलमा उल्लेखित कागजपत्रहरु सहित बुझाउनु पर्ने समेत सूचित गरिन्छ ।

१. आवेदन फारम दस्तुर रु. १०० (सय) रुपैया को भुक्तानी विल
२. सम्वन्धित कोटामा भर्ना हुनको लागि सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
३. आवेदन/निवेदन फारम

पुनश्चः सम्वन्धित कोटाको लागि सम्वन्धित निकाय निम्नानुसार उल्लेख गरिएको छ ।

क) क्षेत्रिय कोटाः जिल्ला शिक्षा कार्यालय ।
ख) दलित कोटाः राष्ट्रिय दलित आयोग ।
ग) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।
घ) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ ।
ङ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय ।
च) शहिद परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
छ) द्वन्द पिडित परिवार कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।
ज) स्टाफकोटाः सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

नोट : आवेदन फारम शैक्षिक प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

.................................
प्रा.डा. डिल्लीराम बराल
डीन

टेलिफोनः +९७७ ५६ ५९२४३६/५९२४१२ www.afu.edu.np